## ४३ औं कार्यपालिका बैठकका निर्णयहरू:

**निर्णय नं १** : अघिल्ला कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गरियो र उपलब्धि सन्तोपजनक पाईयो।

**निर्णय नं २** : माडी प्रज्ञा प्रतिष्ठान गठनका लागि देहाय बमोजिमको सिफारिस समिति गठन गर्ने।

१. विषयगत समितिको संयोजक- संयोजक
२. डा. धनेश्वर भट्टराई — सदस्य
३. दिनेश्वर महत्तो- सदस्य

**निर्णय नं ३** : ढुङ्गा, गिट्टि ,बालुवा प्रशोधन केन्द्रलाई व्यवस्थित तरिकाबाट सञ्चालन गर्न २ सिफ्टमा बिहान ६ बजे देखी बेलुका ८ बजे सम्म ज्यालादारीमा काम लगाई सञ्चालन गर्ने साथै सोको लागि देहाय बमोजिमको सहजिकरण समिति गठन गर्ने।

१. श्री गणेश प्रसाद विश्कवकर्मा — संयोजक, पूर्वाधार विकास समिति
२. श्री दिपेन्द्रराज पौडेल — संयोजक, सामाजिक विकास समिति
३. श्री कमल बहादुर भुजेल — कार्यपालिका सदस्य
४. श्री सुकदेव लामिछाने — वडा सदस्य
५. श्री सन्तोष सुवेदी — राजश्व शाखा

**निर्णय नं ४**: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ७ को भवन निर्माण तथा सडक सम्बन्धि व्यवस्था अनुसार दफा २७ बमोजिम र भवन संहिता तथा भवन निर्माण मापदण्डको पूर्ण पालना गराई घर नक्सा पास अनिवार्य रुपमा गर्ने गराउने कार्यमा वडा कार्यालयले विशेष पहल गर्ने।

**निर्णय नं ५** : गर्दी स्वास्थ्य चौकीको सेवा केन्द्र भवनको माथिल्लो तल्लामा ट्रस निर्माणको लागि प्रकृया अगाडी बढाउने। यसमा सिर्जना हुने दायित्व यस वर्ष भुक्तानी हुन नसकेमा सो को दायित्वको स्रोत सुनिश्चितता यस पालिकाले गर्ने।

**निर्णय नं ६**: यस पालिकाबाट विगतमा विपन्न घरधूरी विमा कार्यक्रम गरिएका घरधुरीहरुलाई यस वर्ष पनि घरधुरी विमा कार्यक्रममा समावेश गराउने र थप विपन्न घरधुरी पहिचान गरी घरधुरी विमा कार्यक्रममा आवद्ध गराउने प्रकृया अगाडी बढाउने।

तारा कुमारी काजी महतो
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं ७ :** वातावरण प्रदुषण नियन्त्रणका लागि प्लाष्टिकजन्य भान्सा (किचन) सामाग्री र कालो प्लाष्टिक थैला यस पालिका भित्र विक्री वितरण गर्न नपाउने समबन्धि जानकारी एक महिनाको समयावधि दिई सूचना प्रशारण तथा प्रकाशन गर्ने साथै सो समयावधि समाप्ति पश्चात उल्लेखित सामाग्रि विक्री वितरणमा रोक लगाउने।

**निर्णय नं ८ :** बोटलिङ्ग गरिएका पेय पदार्थहरुको प्रयोगलाई न्युनीकरण गर्न एवं स्थानीय स्वच्छ खाद्य पदार्थको उत्पादनको प्रवर्द्धन गर्न अन्तर्क्रिया छलफल एवं सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

**निर्णय नं ९ :** माडी नगर क्षेत्र भित्र कार्यरत शिक्षकहरुलाई स्थानान्तरण(सरुवा) गर्दा देहाय बमोजिम प्राथमिकताका आधारमा स्थानान्तरण(सरुवा) गर्ने गरी मापदण्ड कायम गर्ने।

देहाय

१. नेपाल मेडिकल वोर्डबाट कार्यरत स्थानमा काम गरी राख्न नसक्ने अवस्था प्रमाणित भएको सिफारिस,
२. गर्भवती एवं दुई वर्ष वा सो भन्दा सानो बच्चा भएको महिला शिक्षक,
३. "क" वा "ख" वर्गको अपाङ्गता भएको शिक्षक,
४. सामान्य हिडडुल र शौचालय सम्म जान नसक्ने आँफैले हेरचाह गर्नु पर्ने परिवार सदस्य रहेको शिक्षक,
५. सरकारी स्वास्थ्य संस्थाबाट जटिल एवं दिर्घ रोग लागेको भनि प्रमाणित भई सिफारिस प्राप्त शिक्षक।

उल्लेखित आधारमा स्थानान्तरण गर्दा थप निम्न आधार लिईने छ;

१. कार्यरत विद्यालयमा काम गरेको जेष्ठता,
२. शिक्षक सेवा आयोगबाट सिफारिस हुँदाको योग्यता क्रम,
३. शिक्षकको माथिल्लो शैक्षिक योग्यता,
४. माथि उल्लेखित ५ वटा आधारमा सम्बन्धित दुवै तर्फका विद्यालय व्यवश्थापन समितिबाट प्रप्त सहमति।

(पुनश्चः माथि उल्लेखित आधारमा विद्यालय व्यवश्थापन समितिबाट सहमति प्राप्त नभएमा नगरकर्यपालिकाले सरुवा सम्बन्धी निर्णय गर्न वाधा पर्ने छैन।)

तारा कुमारी काजी महतो
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर,चितवन बागमती प्रदेश,नेपाल २०७३

**निर्णय नं १० : विविध**

१०.१ वडा नं १ बाट प्राप्त सिफारिस अनुसार भंगता खानेपानीको लागि विद्युत महशुल रु ८०,०००/- (अक्षरुपी असी हजार) र गोद्दकधाम विद्युत महशुल रु २०,०००/- (अक्षेरुपी बिस हजार मत्र) नेपाल विद्युत प्रधिकरणलाई भुक्तानी दिने।

१०.२ दिवाकर स्मृती विद्यालयको शैक्षिक गुणस्तर शिर्षकमा रहेको योजनावाट विद्यालय बस खरिदका लागि नपुग बजेट खर्च गर्नको लागि अनुमति प्रदान गर्ने।

१०.३ माडी ९ कुसुम खोलामा माडी नगरपालिका बाहेकको अन्य स्थानबाट अनधिकृत रुपमा बसाई सरी आउने कार्यलाइ नियन्त्रण गर्न सम्बन्धित वडा कार्यालयले विशेष पहल लिने, आवश्यकता अनुसार अनधिकृत रुपामा बसाइ सरी आउने कार्यको निगरानीको लागि अन्य निकायलाई समेत पत्रचार गर्ने।

१०.४ अपाङ्गता समाज माडी चितवनलाई बसन्तपुर बजार क्षेत्रमा रहेको खुला चौरको पश्चिम दक्षिण तर्फ रहेको सामुदायिक भवनलाई प्रयोग गर्दै आइरहेकोमा अर्को व्यवस्था नभएसम्म उक्त संस्थालाई निशुल्क रुपमा उक्त भवन प्रयोगको लागि अनुमती दिने।

तारा कुमारी काजी महतो
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner